फोन : ०८९- ४११०७८
इमेल : pmamp.piu.dailekh@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ, दुल्लू, दैलेख

पत्र संख्या :- २०७९/८०
चलानी नं :-

### प्रस्ताव आव्हान सम्बन्धी पूनः सूचना !

(सूचना नं ११ /२०७९/८०)

सूचना प्रकाशित मितिः २०७९।१०।१६

यस एकाइको सुन्तला, आलु तथा बाख्रा जोन कार्यक्षेत्रमा चालु आ.व. २०७९।८० को वार्षिक स्वीकृत कार्यक्रम संचालन गर्न यस अघि मिति २०७९।०४।२२ मा सूचना प्रकाशित भएता पनि तपशिलका कार्यक्रमहरु संचालन गर्न आवश्यक संख्यामा प्रस्तावहरु पेश नभएकोले यस कार्यालयमा सूचीकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/जल उपभोक्ता समिति/कृषि उद्यमी (फर्म) हरुले निम्न आवश्यक कागजात सहित कार्यलयले उपलब्ध गराउने ढाँचामा मिति २०७९ फागुन १ गते भित्र प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र.सं. | कार्यक्रम विवरण | लक्ष्य संख्या | स्वीकृत बजेट (रु.लाखमा) | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान | १ | ८ | जिल्ला भरी (कार्यक्षेत्र समेत) | कृषि तथा पशु विज्ञान विषयसँग सम्बन्धित प्राविधिक शिक्षालयलाई व्यवसायिक कृषि उत्पादनका लागि कृषि पूर्वाधार, बीउ बिजन, बिषादी, सुक्ष्मतत्व, कृषि उपजको बजारिकरण आदि क्षेत्रमा बढीमा ७५% सम्म अनुदान सहयोग। |
| २. | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | १ | १५ | आलु जोन, सुन्तला जात फलफूल जोन, बाख्रा जोन | कृषकलाई आवश्यक पर्ने कृषि मेशिनरी औंजार, मिनिटिलर, चाप कटर, आरी, सिकेचर, डयाङ्ग बनाउने मेशिन, सुन्तलाजात फलफूलको रुख काट्ने मेशिन जस्ता उपकरणमा बढीमा ५०% अनुदान सहयोग। |

कार्यक्षेत्रः
सुन्तला जात फलफूल जोनः दुल्लू नगरपालिका वडा नं १ देखि १३, भैरवी गाँउपालिका वडा नं ३ देखि ७ सम्म।
आलु जोनः गुराँस गाउँपालिका वडा नं ३ देखि ८, डुंगेश्वर गाँउपालिका वडा नं २,३ र ५ सम्म।
बाख्रा जोनः चामुन्डा बिन्द्रासैनी नगरपालिका वडा नं १,२ र ३; भैरवी गाँउपालिका वडा नं ६ र ७, महाबु गाँउपालिका ३,४,५ र ६; नारायण नगरपालिका वडा नं ४ र १०

आवश्यक कागजातहरुः
- रु.१० को टिकट टाँसी रितपूर्वक भरेको प्रस्ताव माग फाराम
- सम्बन्धित संस्थाको बैठकको निर्णय प्रतिलिपी
- सम्बन्धित संस्थाको आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलीपी।
- करचुक्ता प्रमाणपत्र प्रतिलिपी
- स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्र प्रतिलिपी
- संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी

थप जानकारीको लागि परियोजनाको Website:piudailekh.pmamp.gov.np, मोवाइल नः ९८५८०४५०५६, ९८४८११५१६२, ९८६३०९४४२८ मा सम्पर्क गर्न सकिनेछ।

२०७९।१०।१६
गणेश कुमार के.सी
कृषि अधिकृत